आज मिति २०७७।०५।२८ गते प्र.जि.अ. श्री कृष्ण कुमार निरौलाको अध्यक्षतामा जिल्ला कोभिड -१९ संकट व्यवस्थापन केन्द्रको देहायको उपस्थितिमा बैठक बसी देहायानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

श्री कृष्ण कुमार निरौला, प्र.जि.अ., जि.प्र.का. - अध्यक्ष
श्री प्रतिक सिंह कार्की, सेनानी, श्रीदल गुल्म, हुटु ब्यारेक, रारा - सदस्य
श्री भुवनेश्वर प्रसाद साह, प्र.ना.उ., जि.प्र.का, - सदस्य
श्री चित्र बहादुर भट्टराई, प्र.ना.उ., जि.प्र.का, - सदस्य
श्री खुम बहादुर के.सी, स.प्र.ना.उ. स.प्र.बल, नं. ४५ गुल्म - सदस्य
श्री प्रभाकर पन्थ, प्र. प्र. अ., रा.अ.जि.का. - सदस्य
डा. निर्मल नगरकोटी, प्रमुख, स्वा.से.का. - सदस्य
श्री भिमराज सेजुवाल, नि.जि.स.अ., - सदस्य
श्री केशव ज्ञवाली, स.प्र.जि.अ.,जि.प्र.का. - सदस्य सचिव

<u>सल्लाहकार</u>

श्री पूर्ण बहादुर रोकाया, प्रमुख, जिल्ला समन्वय समिति

<u>विशेष उपस्थिति</u>

मा. गोपाल बम, प्रतिनिधी सभा सदस्य
मा. दानसिंह परियार, प्रदेश सभा सदस्य, कर्णाली प्रदेश
श्री हस्त बहादुर मल्ल, भू.पू. शिक्षा राज्यमन्त्री
श्री हरिजङ्ग शाही, नगर प्रमुख, छायाँनाथ रारा नगरपालिका
श्री उज्जन बहादुर शाही, अध्यक्ष, खत्याड गा.पा.
श्री छिरिङक्याप्ने लामा, अध्यक्ष, मुगम कार्मारोङ गा.पा.
श्री लोक बहादुर शाही, अध्यक्ष, सोरु गा.पा.
श्री पारशमणी मल्ल, अध्यक्ष, अस्पताल विकास समिति
श्री पशुपति शाही, [illegible] ~~ललितजङ्ग मल्ल, प्रमुख प्रशासकिय~~ अधिकृत, छायाँनाथ रारा नगरपालिका
श्री तीर्थराज शाही, प्रमुख प्रशासकीय अधिकृत, मुगुम कार्मारोङ गाउँपालिका
श्री दिप बहादुर कार्की, प्रमुख प्रशासकिय अधिकृत, खत्याड गा.पा.
श्री विरेन्द्र मल्ल, प्रमुख प्रशासकीय अधिकृत, सोरु गाउँपालिका
श्री धर्म बहादुर शाही, सचिव, ने.क.पा.
श्री खड्ग बहादुर शाही, सभापति, नेपाली कांग्रेस
श्री राज बहादुर भाम, अध्यक्ष, राष्ट्रिय जनता समाजवादी
श्री राजेन्द्र बहादुर शाही, राष्ट्रिय जनता समाजवादी
श्री जय बहादुर मल्ल, सभापति, नेपाल रेडक्रस सोसाइटी
श्री कमल बहादुर बुढा, अध्यक्ष, उद्योग वाणिज्य संघ, मुगु
श्री भीमचन्द्र बुढा, ~~होटल व्यवसायी संघ, मुगु~~ पशु अस्पताल तथा पशु सेवा कार्यालय
श्री हरिकृष्ण ऐडी, प्रतिनिधि, नेपाल पत्रकार महासंघ
श्री पूर्णसिंह मल्ल, उपप्रमुख, जि.स.स.
श्री रूपक मल्ल, नागरिक समाज, मुगु

निर्णयहरु

१. जिल्लामा कोभिड-१९ को संक्रमण नियन्त्रण एवं रोकथामका लागि निम्न प्रयास जारी रहेकोमा सन्तोष व्यक्त गरियो ।

- नेपालगंज देखि जुम्लासम्म र छिमेकि जिल्लाहरुमा संक्रमणको प्रभाव बढी देखिएकाले जिल्ला प्रवेश गर्ने सबै नाकाहरुमा बढी निगरानी र कडाई गरिरहेको ।
- जिल्लामा ४ जनालाई संक्रमण देखिएकोमा उक्त ४ जना नै संक्रमण मुक्त भएकाले निजहरु बाहेक हाल कसैलाई पनि संक्रमण भएको जानकारी प्राप्न नभएको ।
- यही भाद्र महिनामा सबै पालिकाहरुको समुदाय स्तरमा ७२८ जनाको PCR परीक्षण गराएकोमा सबैको नतिजा नेगटिभ आएकोले जिल्लाभित्र गरिएको बन्दाबन्दीको अवस्थालाई केही खुकुलो बनाई जिल्लाभित्रको आवतजावतलाई सहज तुल्याइएको ।
- नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डहरुको पूर्ण परिपालनामा जोड दिइएको । सबै पालिकाहरुमा प्रारम्भिक आइसोलेसनको वेड संख्या बढाउन, VTM को खरिद गरी मौज्दात बढाउन एवं सबै पालिकाको समुदाय स्तरमा परिक्षणको दायरा बढाउन निर्देशन दिइएको ।
- अझ सर्तक र स्वास्थ्य सम्वन्धी मापदण्ड पालनामा सबैले जोड दिन अति आवश्यक भएको ।

२. मिति २०७७।०५।२६ मा प्रमुख जिल्ला अधिकारीबाट कोभिड १९ को रोकथाम एवं नियन्त्रणका लागि जारी गरेको आदेशको पूर्ण पालना गर्ने गराउने ।

३. स्वास्थ्य सेवा कार्यालयम मुगुमा कार्यरत लेखा अधिकृत श्री सुरेश कुमार केसीले निज कोरोना संक्रमित हुँदा संक्रमण मुक्त भएमा आइसोलेसन व्यवस्थापनका लागि आर्थिक सहयोग गर्ने प्रतिवद्धता गरे अनुरुप मिति २०७७।०५।२४ गते प्रमुख जिल्ला अधिकारी ज्यूलाई नगद रु. ५०,०००।– (पचास हजार) हस्तान्तरण गर्नु भएकोमा निजलाई धन्यवाद ज्ञापन गर्ने ।

४. मिति २०७७।०३।१४ मा माननिय सांसद गोपाल बम ज्यूको अध्यक्षतामा बसेको वैठकबाट स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतको कोषबाट स्वास्थ्य सेवा कार्यालय मुगुलाई हस्तान्तरण गर्ने गरी छायाँनाथ रारा नगरपालिकामार्फत एक थान PCR मेशिन खरिद गर्ने निर्णय बमोजिम खरिद प्रक्रिया अविलम्व अगाडि बढाउन छायाँनाथ रारा नगरपालिकालाई पुनः अनुरोध गर्ने । जिल्लाका सबै पालिकाहरुले उक्त निर्णय बमोजिमको रकम PCR मेशिन खरिद कार्यमै खर्च गर्ने । उक्त मेशिन संचालन एवं व्यवस्थापनका लागि लाग्ने लागत खर्च सबै पालिकाहरुले व्यहोर्ने प्रतिवद्धता व्यक्त गर्दै PCR मेशिन संचालन एवं व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्न देहाय बमोजिमको मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

मस्यौदा समिति

| | |
|---|---|
| मा. श्री गोपाल बम, सांसद प्रतिनिधि सभा | - संयोजक |
| श्री पूर्ण बहादुर रोकाया प्रमुख, जि.स.स. | - सदस्य |
| प्रमुख एवं अध्यक्ष चार वटै स्थानिय तह | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत चारवटै स्थानिय तह | - सदस्य |
| अध्यक्ष, जिल्ला अस्पताल विकास समिति, | - सदस्य |
| श्री व्यवस्थापक, स्वास्थ्य सेवा कार्यालय | - सदस्य |
| श्री सभापति, नेपाल रेडक्रस सोसाईटी | - सदस्य |
| श्री जिल्ला समन्वय अधिकारी, जि.स.स. | - सदस्य सचिव |

५. कोभिड-१९ को संक्रमणको जोखिम न्यूनीकरण गर्न अर्को निर्णय नभएसम्मका लागि जिल्ला बाहिरबाट माछा, मासु कुखुरा र चल्लाको आयातमा पूर्णरुपमा रोक लगाउने ।